पोखरा महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पोखरा, कास्की
गण्डकी प्रदेश, नेपाल

फोन नं.: ०६१-५७५६४०
Postal Code: 6X9P+4F Pokhara
ईमेल: info@pokharamun.gov.np
वेबसाइट: pokharamun.gov.np

पत्र संख्या : २०८३/०८४
च.नं. :

# सेवा करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति: २०८३/०६/०९)

पोखरा महानगरपालिका नगर कार्यपालिकाको कार्यालयको निर्णयानुसार तपसिल बमोजिमका पदहरूमा प्रतियोगितात्मक परीक्षाद्वारा सेवा करारमा पदपूर्ति गर्नुपर्ने भएकोले तोकिएको योग्यता पुगेका उम्मेदवारहरूबाट देहायको पद र संख्यामा दरखास्त आव्हान गरिएको छ। तोकिएको न्यूनतम योग्यता पुगेका उम्मेदवारहरुले तोकिएको समयावधि भित्र पोखरा महानगरपालिकाको वेबसाइट www.pokharamun.gov.np बाट दरखास्त फाराम डाउनलोड गरी आवश्यक कागजात सहित कार्यालय समयभित्र **पोखरा महानगरपालिकाको सहायता कक्षमा रहेको दरखास्त संकलन केन्द्रमा** पेश गर्नुहुन यो सूचना जारी गरिएको छ।

**१. पदपूर्ति गर्ने पद र माग संख्या:**

| विज्ञापन नं | माग पद | खुला/समावेशी | माग संख्या | परीक्षा दस्तुर | कैफियत |
|---|---|---|---|---|---|
| ०१/०८३-८४ | नगर प्रहरी सहायक निरिक्षक | खुला | २ | ५००।- | (हरेक समावेशी समूहका लागि रु १५० थप शुल्क लाग्नेछ।) |
| ०२/०८३-८४ | | महिला | १ | | |
| ०३/०८३-८४ | | आ.ज. | १ | | |
| ०४/०८३-८४ | नगर प्रहरी जवान | खुला | ८ | ३००।- | (हरेक समावेशी समूहका लागि रु १०० थप शुल्क लाग्नेछ।) |
| ०५/०८३-८४ | | महिला | २ | | |
| ०६/०८३-८४ | | आ.ज. | २ | | |
| ०७/०८३-८४ | | दलित | १ | | |
| ०८/०८३-८४ | | आर्थिक रुपमा बिपन्न खस आर्य | १ | | |

**२. उमेर हद र आवश्यक न्युनतम शैक्षिक तथा अन्य योग्यता:** यसै सूचनासाथ संलग्न राखिएको छ।

**३. दरखास्त दिने अवधि:** मिति २०८३/०६/१२ गते देखि मिति २०८३/०६/२६ गतेसम्म र दरखास्त पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा त्यसपश्चात् कार्यालय खुलेको दिनको कार्यालय समयभित्र।

**४. परीक्षा मिति:** सम्पर्क मितिमा प्रकाशन गरिनेछ।

**५. दरखास्त दस्तुर:** पोखरा महानगरपालिकाको राष्ट्रिय वाणिज्य बैंकमा रहेको खाता नं ३०२०१००३०१०१०००२ (शिर्षक नं. १४२२४) मा जम्मा गरेको सक्कल भौचर दरखास्त फारमका साथ संलग्न राख्नुपर्नेछ।

**६. सम्पर्क मिति: २०८३/०६/२७ गते**

**७. छनोटको किसिम: (क)** शारीरिक दन्दुरुस्ती, विस्तृत स्वास्थ्य परीक्षण (ख) लिखित र अन्तर्वार्ता।
(शारीरिक दन्दुरुस्ती र लिखित परीक्षाको पाठ्यक्रम नेपाल प्रहरी सेवा जनपद प्रहरी समूह अन्तर्गत प्रहरी सहायक निरिक्षक र प्रहरी जवानलाई तोके बमोजिम हुनेछ।)

**८. आवश्यक कागजातहरू:** आवेदकले निवेदन सहित स्वयंले प्रमाणित गरेको देहाय बमोजिमका कागजातहरुको प्रतिलिपिहरु संलग्न गर्नुपर्नेछ।

(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि
(ख) न्यूनतम शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपि
(ग) अनुभवको प्रमाण पत्र
(घ) हालसालै खिचेको पासपोर्ट साईजको फोटो ३ प्रति
(ङ.) आवश्यकता अनुसार समावेशिता खुल्ने कागजात
(च) नेपाल सरकार वा अन्य निकायको सुरक्षा सेवामा कार्यरतको हकमा सेवा प्रमाणित वा सेवाबाट निवृत्तको हकमा सेवा निवृत प्रमाणपत्रको प्रतिलिपि।

**९. म्याद नाघी वा रितपूर्वक नआएका निवेदन उपर कुनै कारबाही हुने छैन।**

**विस्तृत जानकारीका लागि:** पोखरा महानगरपालिका नगर कार्यपालिकाको कार्यालयमा सम्पर्क गर्न सकिनेछ।

## नगर प्रहरी सहायक निरीक्षकको पदको लागि आवश्यक न्यूनतम योग्यता

क) दरखास्त फारम दर्ता गर्ने अन्तिम मितिसम्म १८ वर्ष उमेर पुगेको र २४ वर्ष ननाघेको। वहालवाला नगर प्रहरीको हकमा पुरुषको हकमा ३५ वर्ष र महिलाको हकमा ४० वर्ष ननाघेको।

ख) मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तिमा प्रमाणपत्र वा सो सरह उत्तीर्ण गरेको।

ग) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको।

घ) कुनै राजनीतिक दलको सदस्य नरहेको।

ङ) मानव अधिकार र मानवीय कानूनको उल्लंघनमा सजाय नपाएको।

च) पुरुषको हकमा घटीमा उचाई ५ फिट २ इन्च, छाति ३१-३३, तौल ५० के.जी. भएको।

छ) महिलाको हकमा घटीमा उचाई ५ फिट र तौल ४२ के.जी. भएको।

ज) आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको।

झ) नेपाल सरकारको सरकारी अस्पतालबाट निरोगिताको प्रमाणपत्र प्राप्त गरेको।

ञ) नेपाली नागरिकता प्रमाणपत्र भएको।

ट) विध्वंशात्मक कार्यमा संलग्न नरहेको।

ड) भविष्यमा सामान्यतया सरकारी नोकरीको निमित्त अयोग्य ठहरिने गरि नोकरी बाट वर्खास्त नभएको।

नेपाल सरकारको सुरक्षा निकायबाट सेवा निवृत भइसकेकाको हकमा ४० वर्ष उमेर ननाघेको हुनुपर्नेछ।

## नगर प्रहरी जवान पदको लागि आवश्यक न्यूनतम योग्यता

क) दरखास्त फारम दर्ता गर्ने अन्तिम मितिसम्म १८ वर्ष उमेर पुगेको र २३ वर्ष ननाघेको।

ख) कम्तिमा १० कक्षा वा सो सरह उत्तीर्ण गरेको।

ग) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको।

घ) कुनै राजनीतिक दलको सदस्य नरहेको।

ङ) मानव अधिकार र मानवीय कानूनको उल्लंघनमा सजाय नपाएको।

च) पुरुषको हकमा घटीमा उचाई ५ फिट २ इन्च, छाति ३१-३३. तौल ५० के.जी. भएको।

छ) महिलाको हकमा घटीमा उचाई ५ फिट र तौल ४२ के. जी. भएको।

ज) आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको।

झ) नेपाल सरकारको सरकारी अस्पतालबाट निरोगिताको प्रमाणपत्र प्राप्त गरेको।

ञ) नेपाली नागरिकता प्रमाणपत्र भएको।

ट) विध्वंशात्मक कार्यमा संलग्न नरहेको।

ड) भविष्यमा सामान्यतया सरकारी नोकरीको निमित्त अयोग्य ठहरिने गरि नोकरी बाट वर्खास्त नभएको।

नेपाल सरकारको सुरक्षा निकायबाट सेवा निवृत भइसकेकाको हकमा ३७ वर्ष उमेर ननाघेको हुनुपर्नेछ।